गङ्गाजमुना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फूलखर्क, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२

च.नं. ५६३

मिति २०८१/०८/०६

ने.सं. ११४५ कछलागा ६ बिहिबार

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना**

श्री यो जो जससँग सम्बन्धित छ।

धादिङ जिल्ला गङ्गाजमुना गाउँपालिका अन्तर्गत श्री देउराली आधारभूत विद्यालय, गङ्गाजमुना गाउँपालिका वडा नं.-१,किचेतमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणी शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १८ मिति २०८१/०८/०६ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूची -१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका,२०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना premgoletamang07@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ,धादिङ।

श्री देउराली आधारभूत विद्यालय,गङगाजमुना गाउँपालिका-१,धादिङ।

श्री सूचना प्रविधि शाखा- वेवसाइटमा अपलोड गरिदिनु हुन।

२०८१/०८/०६

(प्रमिता भट्ट)

निमित प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत